तिलाठी कोईलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी
मधेश प्रदेश, नेपाल

## बोलपत्र आह्वानको सूचना नं.०३।०७९।०८०

**प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२३ गते**

यस गाउँपालिकाको लागी आ.ब ०७९।०८० को स्विकृत बजेट अनुसार यस गा.पा अन्तरगत बिभिन्न निर्माण कार्य गर्नुपर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त निर्माण कार्य गर्न चाहने इच्छुक इजाजत प्राप्त व्यवसायी, फर्म वा कम्पनीले तपसिलको शर्तको अधिनमा रही गोप्य बोलपत्र दरभाउ पत्र भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. राजबिराज भारदह सडक खण्ड देखि उतर देब ना.मंडल को धर हुदै भौसि साह के घर सम्म सडक तथा नाला निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसी बाहेक रु.५५,८३,१५४/८८ (अक्षरेपि रु.पचपन्न लाख तेरासी हजार एक सय चौबन्न पैसा अठासी मात्र) रहेको छ।

२. बडा न. ७ को बडा कार्यालय सहित सभा कक्ष निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसी बाहेक रु.७२,१८,१३१/३० (अक्षरेपि रु.बहतरी लाख अठारह हजार एक सय एकतिस पैसा तिस मात्र) रहेको छ

३. बडा न. ५ अन्तरगत स्याम बोडिङ्ग स्कूल देखि बिनौद रायको घर सम्म सडक तथा नाला निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसी बाहेक रु.६३,१७,२८८/९२ (अक्षरेपि रु.त्रिसठी लाख सत्रह हजार दुई सय अठासि पैसा बैरान्बै मात्र) रहेको छ।

४. बडा न. ५ अन्तरगत स्मारक देखि देबराम शर्मा को घर सम्म नाला निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसी बाहेक रु.४१,७८,८५९/४३ (अक्षरेपि रु.एकचालिस लाख अठतहरी हजार आठ सय उन्नासाठी पैसा त्रिचालिस मात्र) रहेको छ।

५. बोलपत्र फारम फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.ब.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी तपसिल बमोजिमको दस्तुर बुझाई प्राप्त गर्न सकिने छ।

६. शिलबन्दी बोलपत्रदाताले फारम साथ सि.नं. ५ मा उल्लेखित कागजातहरुको अतिरिक्त खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

७. यो सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म (मिति २०८०/०१/२२ गते सम्म) कार्यालय समयभित्र गाउँपालिका कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ। बोलपत्रको प्रत्येक पानामा सही छाप गरि, शिलबन्दी गरि, खाम वाहिर फर्मको नाम/ठेगाना र कामको नाम प्रष्टसँग लेखी मिति २०८०।०१।२३ गते यस कार्यालयमा दिनको १२ बजेसम्ममा दर्ता गराउनु पर्ने छ। म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन। दर्ता भएका दरभाउ पत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउ पत्रदाताहरु तथा प्रतिनिधीहरुको रोहवारमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा प्रतिनिधीहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

८. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन।

बोलपत्र साथ १२० दिन सम्मको लागि मान्य हुने बिडबण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको नाममा रहेको एन.एम.बि.बैंक, तिलाठी,सप्तरी स्थित धरौटी खाता नं. १०८००८५०९६८०००७६ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्ड पेश गर्नु पर्नेछ वा यस गा.पा मा नगद जम्मा गरि सो को सक्कल भौचर पेश गर्नु पर्ने छ।

९. बोलपत्र शर्त सहित कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टव्य लेखेको हुनु पर्नेछ। केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको दस्तखत वा सही छाप हुनु पर्नेछ। रित नपुगेको वा सूचनाको शर्त विपरीत बोलपत्रमाथी कारवाही हुने छैन।

१० बोलपत्र दाताले बोलपत्रमा अंक र अक्षर दुवैमा अनिवार्य रुपले दर रेट (मु.अ.कर बाहेक) उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

११. बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकिएको समयमा हुनेछ

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको बोलपत्रमा कारबाही गरिने छैन।

१४. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(सशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ।

अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ।

**तपसिल**

| सि.न | ठेक्का न | कामको विवरण | कुल ल.ई. रकम (मु.अ.कर र कन्टिजेन्सी समेत) रु. | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/०७९/०८० | राजबिराज भारदह सडक खण्ड देखि उतर देब ना.मंडल को धर हुदै भौसि साह के घर सम्म सडक तथा नाला निर्माण कार्य बडा न.७ | रु.५५,८३,१५४/८८ | रु३,०००।- | रु.१,६७,५००।- | |
| २ | ०४/०७९/०८० | बडा न ७ को बडा कार्यालय सहित सभा कक्ष निर्माण कार्यको | रु.७२,१८,१३१/३० | रु३,०००।- | रु.२,१७,०००।- | |
| ३ | ०५/०७९/०८० | बडा न ५ अन्तरगत स्याम बोडिङ्ग स्कूल देखि बिनौद रायको घर सम्म सडक तथा नाला निर्माण कार्य | रु.६३,१७,२८८/९२ | रु३,०००।- | रु.१,९०,०००।- | |
| ४ | ०६/०७९/०८० | बडा न ५ अन्तरगत स्मारक देखि देबराम शर्मा को घर सम्म नाला निर्माण कार्य | रु.४१,७८,८५९/४३ | रु३,०००।- | रु.१,२५,५००।- | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Scanned with OKEN Scanner